# समकालीन नेताहरूसँग मनमोहन अधिकारीको सम्बन्ध

*ढाकाराम सापकोटा*[*]

**सारांश**

*मनमोहन अधिकारीको जीवनका झण्डै छ दशक राजनीतिमा वितेको थियो । उनी नेपालको पहिलो कम्युनिस्ट थिए भने राजनीतिक जीवनको सुरुवात पनि कम्युनिस्ट पार्टीबाटै भएको थियो । उनको राजनीतिक जीवनको त्यो क्रममा तीन पुस्ताका नेतासँग सम्बध रहन गएको थियो । कम्युनिस्ट पार्टीमा रहेर काम गरेका धेरै नेताहरूसँग मेल-वेमेलको अवस्था रहेको थियो । पुष्पलालसँग मेलभन्दा वेमेल नै बढी रह्यो भने कालान्तरमा उनले नेतृत्व गरेको पार्टी सम्हाल्ने अभिभारा मनमोहन अधिकारीमा नै आएको थियो । तुलसीलाल अमात्य पनि जीवनको उत्तरार्धमा उनीसँगै काम गर्न आइपुगेका थिए । मनमोहन अधिकारीलाई शीर्षस्थ स्थानमा राखेर कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउने गरी मदन भण्डारीले सम्बन्ध राखेका थिए, तर त्यो सम्बन्ध लामो समयसम्म कायम रहन नसकेको विषयवस्तुमा अध्ययन केन्द्रित रहेको छ ।*

**पृष्ठभूमि**

वि.सं. १९०३ मा भएको कोतपर्वले नेपालमा राणाशासनको उदय भयो । जङ्गबहादुरले राजनीतिक मात्र होइन पारिवारिक, सामाजिक स्तरसमेत माथि उठाउँदै लगे । राणाशासन निरङ्कुश एवम् दमनकारी थियो । परिणामतः उक्त शासन १०४ वर्ष रहन गयो । तथापि राणाशासनका विरुद्ध सुरुदेखि नै विरोधका आवाज उठेका भए तापनि तिनलाई दवाइएको थियो । तर वि.सं. १९९० तिर विश्वको राजनीतिक रङ्गमञ्चमा परिवर्तनका सङ्केतहरू देखा पर्न थालेका थिए । त्यसैको प्रेरणाबाट नेपालमा राणाविरोधी जागृतिले तिव्रता लिंदै गएको थियो । विभिन्न कारणबाट निर्वासित भएका र अध्ययनका लागि भारत गएका व्यक्तिहरू भारत छोडो आन्दोलनमा सहभागी भएका थिए । तिनीहरूमध्ये मनमोहन अधिकारी पनि एक थिए । उक्त आन्दोलनमा भाग लिएर जेल परेपछि उनको जीवन पूर्ण रूपमा राजनीतितर्फ केन्द्रीकृत हुँदै गएर करिब छ दशकसम्म राजनीतिमा नै सक्रिय रहन पुगे । त्यस क्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा रहेका धेरै नेताहरू सँगसँगै बसेर काम गर्ने अवसर पाएका थिए ।

**उद्देश्यहरू**

(क) मनमोहन अधिकारीका बारेमा सामान्य परिचय दिने ।

(ख) नेकपामा रहेका समकालीन नेताहरूमध्ये केही प्रमुख नेतासँगको सम्बन्ध बारे प्रकाश पार्ने ।

**अनुसन्धान विधि**

प्रस्तुत लेखको लेखनमा पूर्व कार्यको अध्ययनका लागि पुस्तकालयको प्रयोग गरिएको छ । द्वितीय स्रोतहरूलाई पुष्टि गर्न केही पुराना कम्युनिस्ट नेताहरूसँग लिएको अन्तर्वार्तालाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ । लेख ऐतिहासिक

---

[*] इतिहास विषयका उपप्राध्यापक डा. सापकोटा त्रि.वि. अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ ।

विषयवस्तुसँग सम्बन्धित भएकाले लेखनका क्रममा धेरैजसो वर्णनात्मक तथा व्याख्यात्मक र कममात्र विश्लेषणात्मक विधि अपनाइएको छ ।

**विषय प्रवेश**

मनमोहन अधिकारीको जन्म रामचन्द्र अधिकारीका दुई पत्नीमध्ये कान्छी पूर्णकुमारी अधिकारीको जेष्ठ पुत्रका रूपमा काठमाडौँको लाजिम्पाटमा वि.सं. १९७८ आषाढ १५ गते भएको थियो । भारतमा भएको स्वतत्रता आन्दोलनदेखि नै सक्रिय राजनीतिमा लागेका मनमोहन अधिकारी कम्युनिष्ट पार्टीको कार्यकर्ताका रूपमा राजनीतिमा सक्रिय हुँदै गएका थिए । त्यहाँको अङ्ग्रेज विरोधी आन्दोलनमा सहभागी हुँदा जेल परेका मनमोहन अधिकारीले नेपालमा भने मजदुर आन्दोलनबाट राजनीतिक यात्रा सुरु गरेका थिए । नेपालको राजनीतिक आन्दोलनमा लाग्ने क्रममा नेपाल कम्युनिष्ट पार्टीको सर्वोच्च पद महासचिवको जिम्मेवारी लिनेदेखि पञ्चायती व्यवस्था विरोधी आन्दोलन, संसदीय राजनीतिमा सक्रिय हुँदै संसदमा प्रमुख प्रतिपक्षी दलको नेताहुँदै प्रधानमन्त्रीसम्म बन्न पुगेका थिए । राजनीतिक आन्दोलनका क्रममा क्रान्तिकारी नेताका रूपमा परिचित भए पनि परम्परागत साम्यवादी चिन्तक र पक्षपोषण गर्ने भन्दा लोकतान्त्रिक, व्यवहारिक जीवनमा सक्रिय देखिएका मनमोहन अधिकारीले आफ्नो जीवनको छ दशक राजनीतिमा बिताएका थिए ।

मानिसको जीवनमा कुनै न कुनै घटनाले प्रभाव पारेको हुन्छ । यस्ता घटनाहरू राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दुवै किसिमका पनि हुन सक्छन् । मनमोहन अधिकारीको राजनीतिक जीवनको सुरुवात तथा विकास एवम् व्यक्तित्वको उत्थानमा पनि विश्वका अग्रणी व्यक्तित्व तथा समकालीन राजनीतिज्ञहरूको गहिरो प्रभाव परेको थियो । भारत छोडो आन्दोलनमा जेल परेका बेला जेलमा सँगै रहेका भारतीय कम्युनिस्ट पार्टीका नेता शिवदान प्रसाद चौह्रान, शिवपुजन त्रिपाठीलगायतका नेताहरूको विचारबाट प्रभावित भएका थिए । त्यसपछि नै उनी कम्युनिस्ट विचारधारामा प्रतिवद्ध रहँदै भारतीय कम्युनिस्ट पार्टीको (भाकपा) सदस्य बन्नु पुगेका थिए (अधिकारी, २०५७ : २) । जेल जीवन र नेताहरूको प्रशिक्षणपछि उनको राजनीतिक चेतनाको स्तर फराकिलो हुँदै गयो । उनी राजनीतिक सङ्गठनको विस्तार गर्ने उद्देश्यले विराटनगर जुट मिलमा काम गर्दै आन्दोलन चलाउँदा वी.पी. कोइराला, तारणीदत्त कोइराला र गिरिजाप्रसाद कोइरालाहरूसँग हेलमेल बढेको थियो । त्यहाँको मजदुर आन्दोलनका क्रममा २००३ सालमा जेल परी वि.सं. २००६ सालमा मुक्त भएका थिए । त्यसलगतै नेकपाको सम्पर्कमा पुगेका थिए । जहाँ पुष्पलाल, नारायण विलास जोशीलगायतका नेताहरूसँग सम्पर्क भयो । मनमोहन अधिकारीले बारम्बार नाम लिइरहने अन्तर्राष्ट्रिय नेताहरू फेड्रेरिक मार्क्स, लेनिन, शिवदानप्रसाद चौहान, शिवपुजन त्रिपाठी, महात्मा गान्धी आदि थिए भने राष्ट्रिय नेताहरूमा पुष्पलाल, मदन भण्डारी, तुलसीलाल अमात्यलगायतका थिए । समग्रमा हेर्दा नेकपाको संस्थापक महासचिव पुष्पलाल, तुलसीलाल अमात्य र मदन भण्डारीसँगको सम्बन्ध उल्लेखनीय रहेको थियो ।

**पुष्पलालसँगको सम्बन्ध**

पुष्पलालको जन्म वि.सं. १९८१ सालमा भएको थियो । निरङ्कुश राणाशासनका विरुद्ध प्रजापरिषदले आन्दोलन चलाएको समयतिर वि.सं. १९९७ सालमा पुष्पलाल एक सुधारवादी प्रजातन्त्रवादीको रूपमा राजनीतिमा प्रवेश गरेका थिए । उनको राजनीति प्रेरणाको स्रोत आफ्नै दाजु थिए । जसरी लेनिनको राजनीतिक जीवन उनका दाइ

अलेक्जेण्डरलाई जारशाहीले प्राणदण्डको सजाय दिएपछि सुरु भएको थियो त्यसरी नै पुष्पलालको राजनीतिक जीवन पनि राणाशाहीले आफ्ना दाजु गंगालाललाई प्राणदण्ड दिएपछि भएको थियो (श्रेष्ठ, २०५२ : ६५ । दाजुको अन्तिम संस्कारको समयमा श्रद्धान्जली अर्पण गर्दै १५ वर्षका पुष्पलालले राणाशाही अन्त्य गर्ने र नेपालमा प्रजातन्त्रको वहाली गर्ने शहीदको अधुरो सपना पूरा गर्ने प्रतिज्ञा गरेका थिए । फलतः सक्रिय राजनीतिको सुरुवात नेपाली राष्ट्रिय कांग्रेसबाट गरेका थिए । त्यस पार्टीमा रहेर काम गर्दै गर्दा पार्टीमा सभापतिको विषयलाई लिएर विवाद बढ्दै गएपछि मिलाउन अनशन पनि बसेका थिए (पुष्पलाल, २०५३ : २४-२५) ।

पुष्पलाल नेपाली राष्ट्रिय काँग्रेस (नेराका) मा बसेर काम गर्दै गर्दा मनमोहन अधिकारी भारतको बनारसमा अध्ययन गर्दै र क्रमशः राजनीति तर्फ आकर्षित हुँदै गएका थिए । पुष्पलालले नेराका छाडेर नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र नेपाली भाषामा अनुवाद गरी प्रकाशमा ल्याउँदा मनमोहन अधिकारी भाकपाको सदस्य बनिसकेका थिए । वि.सं. २००६ सालमा पुष्पलालले नेकपा गठन गर्दा मनमोहन अधिकारीले विराटनगरमा चलेको मजदुर आन्दोलनको नेतृत्व गरेका कारण जेल परेका थिए । जुन कुरा पुष्पलालले कम्युनिस्ट पार्टीको घोषणपत्र लेख्ने क्रममा भूमिकामा उल्लेख गरेका छन् (पुष्पलाल, १९४९ : ३) । त्यतिबेलासम्म दुवै व्यक्ति कम्युनिस्ट सिद्वान्त र विचारलाई अङ्गाल्ने भए पनि उनीहरूको प्रत्यक्ष भेटघाट भएको थिएन । तथापि एक अर्काको बारेमा जानकारी थियो ।

पुष्पलालले नेकपा गठन गरेको केही दिनपछि नै मनमोहन अधिकारी जेलमुक्त भए । दुवै नेता छिटो भन्दा छिटो आपसमा भेट हुन चाहन्थे । तर मनमोहन अधिकारी नेपालमा र पुष्पलाल भारतमा थिए । पुष्पलालले आफूलाई भेट्न खोजी रहेको जानकारी पाएपछि उनलाई भेट्न भारतको कलकत्ता पुगे, जहाँ दुवै नेताबीच पहिलोपटक प्रत्यक्ष भेट भएको थियो (अधिकारी, २०५७ : २) जुन भेटपछि दुवैजना एक-अर्काप्रति आकर्षित हुँदै गए । त्यसपछि नै नेकपालाई अगाडि बढाउने बारे छलफल हुँदा दुवैले सल्लाह गरी पार्टीको पहिलो सम्मेलन गर्ने पनि निर्णय गरेका थिए (सूर्य (मासिक), २०५५ : १३-१७) ।

वि.सं. २००६ सालमा प्रत्यक्ष भेटघाट भएपछि कम्युनिस्ट पार्टीमा रहेर काम गर्न सुरु गरेदेखि वि.सं. २०३५ सालमा पुष्पलालको निधन नहुँदासम्म दुवैबीचको सम्बन्ध मेल वेमेलका साथ चलिरह्यो । नेपाली काँग्रेस (नेका) ले लिएको नीतिबाट जनताले मुक्ति पाउन सक्दैनन् भन्ने कुरामा एकमत रहेका दुई कम्युनिस्ट नेताहरूको प्रयासबाट नेकपा स्थापना भएको चार महिनापछि वि.सं. २००६ साल भाद्र ३० मा पार्टीको केन्द्रीय नेतृत्वको विस्तार भयो । केन्द्रीय सङ्गठन समिति भनिएको उक्त समितिमा पुष्पलाल, मनमोहन अधिकारीलगायत अन्य चारजना नेताहरू रहका थिए (के.सी., २०६५ : ५२) । वि.सं. २००८ सालमा भएको नेकपाको पहिलो सम्मेलनले पुष्पलालपछिको स्थानमा मनमोहन अधिकारीलाई चयन गऱ्यो । राणाशासनका विरुद्ध देशमा चलिरहेको आन्दोलनमा नेकपाको शसक्त भूमिका रहन सकेन । यद्यपि कैयौं ठाउँमा नेकपाका नेता कार्यकर्ताहरू आन्दोलनमा प्रत्यक्ष सहभागी भएका थिए । राणाविरोधी आन्दोलन दिल्ली सम्झौतामा टुङ्गिएपछि नेकामा लागेर राणाशासन विरुद्धको आन्दोलनमा लडेका धेरै व्यक्तिहरू निरास बनेका थिए भने नेकपा झनै रुष्ट भएको थियो । दिल्ली सम्झौता धोका हो भन्ने कुरामा दुवै नेता एकमत रहेका थिए (प्रश्रित, २०७० श्रावण १३) ।

राजनीतिक यात्राका क्रममा सुरु-सुरुको अवस्थामा पुष्पलालले मनमोहन अधिकारीलाई क्षमतावान, नेतृत्व गर्न सक्ने व्यक्तिका रूपमा लिएका थिए । मनमोहन

अधिकारीले पनि पुष्पलालले नेकपाको गठन गरेर नेपालमा कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाएकोमा प्रशङ्शा नै गर्दथे । त्यसैले त मनमोहन अधिकारीले पुष्पलाललाई नेकपा गठन गर्ने संस्थापक नेताका रुपमा सधैं सम्मान गरिरहे । पुष्पलालले अगाडि सारेका नीति तथा साङ्गठनिक संरचनालाई निर्माण गर्नमा सहयोग गर्दै आएका थिए । राष्ट्रियता र प्रजातन्त्रको सङ्रक्षण तथा राजतन्त्रको अन्त्य गर्ने सवालमा दुवै नेताको दृष्टिकोणमा एक रूपता रहे तापनि कतिपय सवालमा मतान्तर पनि रहेको थियो । त्यसैको परिणाम स्वरूप मनमोहन अधिकारी र पुष्पलालको वरिपरि रहेका व्यक्तिहरूले दुवै नेतालाई जुधाउन थाले । जसको फलस्वरुप नेपाल कम्युनिस्ट पार्टीका महासचिव बनेको छोटो समयमा नै पुष्पलाललाई हटाएर मनमोहन अधिकारीलाई बनाइएको थियो । जुन पुष्पलालको जीवनको सबैभन्दा दुःखद घटना थियो । त्यसपछि उनी अविभाजित नेकपाको महासचिव बन्न पाएनन् (के.सी., २०६० : ४२) ।

वि.सं. २०१३ सालमा मनमोहन अधिकारी चीन जाँदा कार्यवाहक महासचिव बन्ने मौका आए पनि पुष्पलालले त्यसलाई अस्विकार गरेपछि केशरजंग रायमाझी कार्यवाहक महासचिव बनेका थिए । त्यसो हुनुमा पनि तिनै दुई नेताको व्यवहार नै जिम्मेवार थियो (रिजाल, २०७१ : १४१) । पुष्पलाललाई हटाएर मनमोहन अधिकारीलाई महासचिव बनाउने कार्यमा अन्य नेताहरूले भूमिका खेले पनि त्यो दुवै नेताबीचको सम्बन्धमा दरार ल्याउने घटना बन्यो । हुन त मनमोहन अधिकारीको आफू महासचिव भएपछि पुष्पलालले सहयोगी भावनाका साथ काम गरेका थिए । पछि आएरमात्र मान्छेहरूले पुष्पलाल र आफ्नाबीच अनावश्यक कुरा उचाल्ने गरेका हुन् भन्ने भनाई रहेको थियो (अधिकारी, २०५७ : २) । तर व्यवहारले त्यो कुरालाई पुष्टि गर्दैन बरु के देखिन्छ भने मनमोहन अधिकारी चिनियाँ कम्युनिस्ट पार्टीको महाधिवेशनमा भाग लिन जाने भएपछि कार्यवाहक महासचिव बन्न पुष्पलाललाई गरिएको प्रस्तावलाई अस्वीकार गर्नुले पनि स्पष्ट हुन्छ । एकातिर राजनीतिक सम्बन्धमा दुवै नेताबीच चिसोपना आउँदै गएको थियो भने अर्कोतर्फ उनहरू बीच नै पारिवारिक नाता जोडिन पुग्यो । पुष्पलालले सहाना प्रधानसँग विवाह गरेको केही महिनापछि सहाना प्रधानकै दिदी साधना प्रधानसँग मनमोहन अधिकारीको विवाह भयो । नातामा (साढुदाई) दाजुभाई बन्न पुगे पनि उनीहरूबीच राजनीतिक रूपमा खासै राम्रो सम्बन्ध बन्न सकेन ।

नेकपाभित्र जतिबेला पुष्पलाल र मनमोहन अधिकारीका बीचमा चिसो बढ्दै थियो त्यति बेला कि पी.एल, कि एम.एम. भन्ने भनाई नै चलेको थियो । दुवै नेता कम्युनिस्ट पार्टीमा उच्च तहको नेतृत्वमा थिए । पुष्पलालले मनमोहन अधिकारीलाई पार्टी प्रतिबन्ध खुलाउन दिएको पत्रलाई आधार बनाएर राजावादी भएको आरोपमा नेतृत्वबाट हटाउने प्रयास गरे तर सफल भएनन् । तथापि दोस्रो महाधिवेशनमा मनमोहन अधिकारीले पुष्पलालाई समर्थन गरेका थिए (रिजाल, २०६२ : ३३६–३७) । वि.सं. २०१७ सालमा भएको शाही कदमको दुवै नेताहरूले विरोध गरे तापनि मनमोहन अधिकारी जेलमा थिए भने पुष्पलाल निर्वासित थिए । वि.सं. २०२५ सालमा मनमोहन अधिकारी जेलबाट छुटेपछि मोहनविक्रम सिंह, शंभुराम श्रेष्ठलगायतका नेताहरूलाई साथ लिएर विभाजित कम्युनिस्ट पार्टीलाई एक बनाउन प्रयास गरे । त्यसक्रममा पुष्पलालसँग पनि पटक-पटक वार्ता भए तापनि सफल हुन सकेन । त्यसपछिका दिनमा मनमोहन अधिकारी र पुष्पलाल कहिल्यै पनि नजिक हुन सकेनन् बरु एकले अर्कालाई आलोचना गर्नमा समय खर्चिन थाले । मनमोहन अधिकारीले पुष्पलालको पार्टी अवैधानिक भएको भन्दै विदेशी भूमिमा बसेर देशमा

क्रान्ति हुँदैन भन्दै आलोचना गरे (ज्ञवाली, २०७० बैशाख ३) । त्यसै गरी पुष्पलालले पनि राजालाई सर्मथन गर्नेहरू क्रान्तिकारी हुन नसक्ने भन्दै आलोचना गरे (उपाध्याय, २०७० जेठ ७) । शीर्षस्थ तहमा रहेका नेताहरू नै एक अर्काका विरुद्ध आलोचनामा उत्रिदा सिङ्गो कम्युनिस्ट आन्दोलनलाई क्षति पुग्छ भन्ने कुरा दुवै नेताले बिर्सिएका थिए ।

वि.सं. २०३५ सालमा पुष्पलालको भारतमा निधन भयो । उनको शवलाई नेपाल ल्याउन खोजिए पनि तत्कालीन राज्यसत्ताले त्याउन दिन । अन्तिम संस्कार भारतमा नै भयो । पुष्पलालको अन्तिम संस्कारमा पनि मनमोहन अधिकारी नपुगेको कुरा सहाना प्रधानले उल्लेख गरेकि छन् (श्रेष्ठ, २०६० : ८९) । तर 'पार्टीभित्र आफ्नो भूमिका कहिल्यै पनि पुष्पलाललाई कम आक्ने वा अवमूल्यन गरी किनारामा राखेर हेर्ने खालको रहेन । 'आफू कहिल्यै पनि उनलाई असम्मान गरिन' भन्ने भनाई मनमोहन अधिकारीको रहेको पाइन्छ (अधिकारी, २०५७ : २) । हुन पनि पुष्पलालको देहावसानपछि मनमोहन अधिकारीले पुष्पलाललाई प्यारो नेता भनेर सम्बोधन गर्ने गरेका थिए (घिमिरे, १९८० : ३६) । यी दुई नेताहरूका बीचको सम्बन्धका बारेमा प्रकाश अधिकारीले 'म विद्यार्थी हुँदा अल्मलिने कुरा भनेको बाबा र सानोबा (पुष्पलाल) बीचको झगडा थियो । एक पटक सानोबा भारतको फार्बेसगञ्ज आउनु भएको थियो र हामी विराटनगरबाट उहाँलाई भेट्न गएका थियौं । पार्टीलाई अति वामपन्थी लाइनमा गोलमाल गरेर लैजाँदा फर्कन गाह्रो भयो भनेर बाबाले सानोबाका बारेमा भन्नु भएको थियो' भनी उनीहरूका बीच रहेको सम्बन्धका बारेमा चर्चा गरेका छन् (अधिकारी, २०६६ : ६९) ।

मनमोहन अधिकारी र पुष्पलालका बीच सैद्धान्तिक रूपमा विवाद भएर यस्तो खालको सम्बन्ध बनेको नभई व्यक्तित्वको टकरावका कारण भएको थियो भन्ने कुरा पुष्पलालको निधनपछि उनले नेतृत्व गरेको पार्टी र मनमोहन अधिकारीले नेतृत्व गरेको पार्टी एकीकरण भएर नेकपा मार्क्सवादी बन्नुले पनि पुष्टि गर्दछ । अब प्रश्न उठ्छ पुष्पलालको निधनअघि किन दुवैका बीच पार्टी एकीकरण हुन सकेन ? यस प्रश्नमाथि विश्लेषण गर्दा के देखिन्छ भने पुष्पलालको निधनपछि नेतृत्व विहीन भएका नेता र कार्यकर्ता तथा पार्टी गठन गरे तापनि सङ्गठन विस्तार गर्न नसकेको अवस्थामा पुष्पलालले बनाइरहेको सङ्गठनमा नेतृत्व लिन पाइने भएका कारण यो एकीकरण सम्भव भएको थियो । जुन एकीकरण हुँदा मनमोहन अधिकारीको नेतृतवलाई अस्वीकार गर्न सक्ने अवस्था अरू नेताहरूमा थिएन । पार्टीको नेतृत्व लिने सवालमा दुवै नेताका बीच प्रतिस्पर्धा देखिनु एउटा पाटो र सम्मान गर्ने अर्को पाटो भएको हुँदा मनमोहन अधिकारीले पुष्पलाललाई जहिले पनि सम्मानका साथ हेर्ने गर्दथे । उनी स्वयम् देशको प्रधानमन्त्री भएपछि पुष्पलाल स्मृति प्रतिष्ठानलाई व्यवस्थित बनाउने काममा सरकारका तर्फबाट सहयोग पुऱ्याएका थिए । आफै उक्त प्रतिष्ठानको सङ्रक्षक भएका थिए । विडम्बना नै मान्नुपर्छ जब वि.सं. २०५४ सालमा एमाले पार्टी विभाजन भएर सहाना प्रधानको अध्यक्षतामा नेकपा (माले) नामको पार्टी गठन भयो । त्यसपछि मनमोहन अधिकारीलाई पुष्पलाल स्मृति प्रतिष्ठानको सङ्रक्षकबाट हटाइएको थियो (अधिकारी, २०५७ : २) । पुष्पलालका नाममा अरूले जे जस्तो व्यवहार गरेका भए पनि मनमोहन अधिकारीले पुष्पलाललाई नेपालको कम्युनिस्ट आन्दोलनका अगुवा नेताका रूपमा सधै मूल्याङ्कन गर्ने गरेको पाइन्छ ।

**तुलसीलाल अमात्यसँगको सम्बन्ध**

नेपाली कम्युनिस्ट आन्दोलनका सहयात्री भएका नाताले तुलसीलाल अमात्य र मनमोहन अधिकारीका बीचको सम्बन्धलाई दृष्टि दिनु सान्दर्भिक देखिन्छ । काठमाडौंको

नेवार समुदायभित्रको सम्पन्न परिवारमा जन्मिएका तुलसीलाल अमात्य बाल्यकालदेखि नै स्वतन्त्रता मन पराउने खालका थिए । त्यसैले भारतको लखनऊबाट अर्थशास्त्रमा एम.ए. गरे तापनि जागीर भन्दा राजनीतिप्रति आकर्षित भएका थिए । भारतमा निर्वासित जीवन बिताउँदा त्यहाँको स्वतन्त्रता आन्दोलनमा सक्रिय भएका थिए । उनले महात्मा गान्धीबाट प्रभावित भएर २० वर्षको उमेरसम्म खद्दरकै लुगा लगाएका थिए भने वर्ग र वर्ण विहीन समाजबाट पनि प्रभावित भएका थिए (अर्याल, थापा र अरू (सम्पा.), २०५४ : १६) । उनले पनि राजनीतिक जीवनको सुरुवात नेराकाबाट गरेका भए तापनि त्यो पार्टीले लिएको नीति तथा कार्यक्रमबाट सन्तुष्ट बन्न नसकी कलकत्तामा पुष्पलालको सम्पर्कमा पुगेका थिए । पुष्पलालले लेनिनका किताब पढ्न दिँदै आफूले जानेसम्मका कुरा बुझाएलगतै नेराका परित्याग गरी नेकपाको सम्पर्कमा पुगेका थिए (अर्याल, थापा र अरू (सम्पा.) २०५४ : १६–१७) ।

वि.सं. २००३ सालको मजदुर आन्दोलनका क्रममा जेल परेका मनमोहन अधिकारी जेलबाट छुटेपछि रक्सौल जाने क्रममा तुलसीलाल अमात्यसँग पहिलो भेट भएको थियो । रक्सौलमा रहँदा उसिना चामलको भात र भन्टाको झोल खाएर राणाशासन विरोधी जनमत तयार पार्न सक्रिय रूपमा लागेका थिए । पहिलो पटकको उक्त भेटपछि तत्कालीन राजनीतिक परिवेशका बारेमा कुरा गरेर मनमोहन अधिकारी विराटनगर फर्किएका थिए । त्यतिबेलासम्म तुलसीलाल कम्युनिस्ट पार्टीमा लागिसकेका थिएनन् (अधिकारी, २०५४ : ४३) । सुरुमा उनी कम्युनिस्ट पार्टीमा लाग्न सकेनन् । त्यसबेला अलिकति माक्सर्वाद पढेको भए पनि वर्ग सचेत भइसकेका थिएनन् । उनले मार्क्सवाद ठीक हो, कम्युनिस्ट पार्टी ठीक होइन भन्ने ठानेका थिए । त्यसैले कम्युनिस्ट पार्टी खोल्न नारायण विलास जोशीले जोड दिंदा पनि आफ्नै चिन्तनको कमजोरीका कारणले सहमत हुन सकेका थिएनन् (प्रश्रित, २०४९ : २०) । तथापि समयक्रमसँगै कम्युनिस्ट पार्टीप्रति आकर्षित हुँदै जाँदा सोही पार्टीमा रहन थालेका थिए । फलतः वि.सं. २००६ साल भाद्र ३० गते नेकपाको विधिवत् घोषणा गरी बनेको पार्टीको केन्द्रीय सङ्गठन समितिमा दुवै नेता एक ठाउँमा आइपुगेका थिए ।

पार्टीले सङ्गठन विस्तार र पार्टी काममा लगाउँदा मनमोहन अधिकारीलाई कोशी र तुलसीलाल अमात्यलाई गण्डक क्षेत्रका लागि जिम्मेवारी दिएको थियो । त्यो ऐतिहासिक दिनदेखि यी दुवै नेता निरन्तर कम्युनिस्ट आन्दोलनमा सक्रिय रहेका थिए । त्यसमध्ये पनि नेपालमा मजदुर आन्दोलनको सुरुवातमा मनमोहन अधिकारीको र किसान आन्दोलनको सुरुवातमा तुलसीलाल अमात्यको अग्रणी भूमिका रह्यो (राजवंशी, २०५४ : १००) । हुन त त्यसअघि भएको भेटबाट तुलसीलाल अमात्यले मनमोहन अधिकारी भारत छोडो आन्दोलनमा सहभागी भएर जेल परेको, नेपालमा विराटनगरको मजदुर आन्दोलनका एक अगुवा नेता रहेको जस्ता नेतृत्वदायी भूमिकाका बारेमा जानकारी पाइसकेका थिए । त्यसैगरी तुलसीलाल अमात्य पढेलेखेका र क्रान्तिकारी छवी भएका व्यक्तिका रूपमा मनमोहन अधिकारीले जानकारी पाएका थिए । तुलसीलाल अमात्यले नेकपाको नीतिलाई मनपराउँदै कम्युनिस्ट आन्दोलनलाई हाँक्न तयार भएपछि दुवै एक रथका दुई पाङ्ग्राजस्ता बन्न पुगेका थिए ।

राणाशासन विरुद्ध चलेको क्रान्तिमा फरक-फकर ठाउँमा रहेर दुवै नेता उत्तिकै सक्रिय रहेका थिए । त्यसबेला तुलसीलाल अमात्यलाई सुगौलीमा र मनमोहन अधिकारीलाई विराटनगरमा गिरफ्तारी गरी त्यही नै बन्दी बनाइएको थियो (ज्ञवाली,

२०६८ : ४६) । तर आन्दोलनलाई सम्झौतामा टुङ्ग्याएकोमा भने दुवै नेता असन्तुष्ट रहेका थिए । वि.सं. २००९ सालमा पुष्पलाललाई हटाएर मनमोहन अधिकारीलाई नेकपाको महासचिव बनाउँदा तुलसीलाल अमात्यले मनमोहन अधिकारीलाई सर्मथन गरेका थिए (के.सी., २०६५ : ९७) । त्यसबाट तुलसीलाल अमात्यले मनमोहन अधिकारीलाई क्षमतावान व्यक्तिका रूपमा मूल्याङ्कन गरेको देखिन्छ । वि.सं. २०१० सालमा भएको पार्टीको प्रथम महाधिवेशनमा तुलसीलाल अमात्यले मनमोहन अधिकारीलाई पूर्ण रूपमा मद्दत गरेका थिए । वि.सं. २०१३ सालमा मनमोहन अधिकारी चीन गएका र लामो समय उतै बसेपछि देशमा बिग्रँदै गएको राजनीतिप्रति तुलसीलाल अमात्य बढी गम्भीर बनेका थिए । प्रजातन्त्रको स्थापनापछि देशमा पहिलो पटक आमनिर्वाचन हुँदा मनमोहन अधिकारी चीनमा उपचारका क्रममा रहेका थिए भने तुलसीलाल अमात्य रौतहटबाट चुनाव जितेर संसदीय दलको नेता बनेका थिए ।

राजा महेन्द्रद्वारा वि.सं. २०१७ साल पुष १ गते चालेको शाही कदमको पहिलो दिनमा नै मनमोहन अधिकारी पक्राउ परेका थिए । तुलसीलाल अमात्य, पुष्पलाल र केशरजंग रायमाझीहरू रसियन कम्युनिस्ट पार्टीको अधिवेशनमा भाग लिन मस्को गएको हुँदा गिरफ्तारीबाट बचेका थिए । मनमोहन अधिकारीले उनीहरूलाई रुसबाट फर्किंदा सोझै नेपाल नआएर भारतमा नै बस्न खवर पठाएर सुरुमा पक्राउ पर्नबाट जोगाएका थिए (अधिकारी, २०५७ फागुन १०) । राजा महेन्द्रले चालेको शाही कदमका विरुद्ध लड्ने सवालमा दुवै नेताको एक मत रहेको थियो । पार्टीभित्र जिम्मेवार तहमा रहेका केशरजंग रायमाझीले देखाएको व्यवहार दुवै नेतालाई मन परेको थिएन । त्यसैले तुलसीलाल अमात्यले भूमिगत रूपमा शाही कदमका विरुद्धमा आन्दोलनको नेतृत्व गर्न थालेका थिए भने मनमोहन अधिकारीले जेलबाट चुनौती दिइरहेका थिए । केशरजंग रायमाझीविना नै महाधिवेशन गर्ने र तुलसीलाललाई महासचिव बनाउने कुरामा मनमोहन अधिकारीले कुनै सङ्कोच मानेनन् । त्यतिबेला गठन गरिएको ७ जनाको सेक्रेटरीमा मनमोहन अधिकारीलाई पनि राखिएको थियो । कुनै बेला मनमोहन अधिकारी महासचिव बन्दा तुलसीलाल त्यसै कमिटीमा रहेर काम गरेका थिए भने त्यसपटक तुलसीलाल अमात्य महासचिव भइरहँदा मनमोहन अधिकारी त्यसै कमिटीमा रहेर काम गरेको अवस्था थियो । (हुन त मनमोहन अधिकारी त्यसबेला जेलमा रहेका थिए) ।

नेकपामा जव विभाजनका रेखाहरू कोरिन थाले त्यसपछि नेताहरूमा रहेका सम्बन्धमा पनि त्यसै अनुसार हेरफेर हुन थाल्यो । तुलसीलाल अमात्यले वि.सं. २०२५ सालमा मनमोहन अधिकारीले जेलबाट छुट्न दिएको वक्तव्यलाई आलोचना गर्न थाले । मनमोहन अधिकारी जेलबाट छुटेपछि विभाजित कम्युनिस्ट पार्टीहरूलाई कसरी एउटै बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ तुलसीलाललाई भेट्न दिल्ली गए, तर जुन उद्देश्य लिएर भेट्न गएका थिए त्यो पुरा हुन सकेन । वि.सं. २०२० सालसम्म सँगै रहेका यी दुई नेता त्यसपछि क्रमशः टाढिन थालेका थिए । त्यसरी टाढिएका सम्बन्धमा मनमोहन अधिकारी भन्दछन् 'बीचमा जुन विभाजन जस्तो देखियो त्यसको निम्ति पनि मलाई लाग्छ उहाँभन्दा बाह्य कुराहरू बढी जिम्मेवार थिए' ( अधिकारी, २०५४ : ४५) । तर ती वाह्य कुरा के थिए स्पष्ट देखिदैन । वि.सं. २०३६ सालको जनमत सङ्ग्रहमा समेत तुलसीलाल अमात्य नेपाल फर्कन पाएका थिएनन् । त्यस कारण दिल्लीमा नै बसेर आफ्ना कार्यकर्तालाई नेपाल पठाई पार्टीको प्रचारप्रसार गर्ने काम गरेका थिए (पन्त, २०६८ : २०४) ।

पार्टीगत रूपमा यी दुवै नेता एक ठाउँमा रहन नसके पनि राजनीतिबाट बाहिर रहेका थिएनन् । पार्टी अलग भए पनि दुवै नेता कम्युनिस्ट राजनीतिमा सक्रिय रहेका थिए । वि.सं. २०४६ सालमा जनआन्दोन गर्ने उद्देश्यले वाममोर्चा बनाउने क्रममा दुवै नेता सहमत भएका थिए र भूमिका पनि त्यसै किसिमको रह्यो । तुलसीलाल वाममोर्चाको मानार्थ अध्यक्ष बने । नेपालको पहिलो कम्युनिस्ट तथा वयोवृद्ध व्यक्तित्वको हैसियतले मनमोहन अधिकारीको पनि निर्णायक तथा नेतृत्वदायी हैसियत रह्यो (के.सी., २०६५ : २१६–१७।

वाममोर्चामा रहेका पार्टीहरूबीच एकताको कुरा चलिरहँदा त्यसले मूर्त रूप लिन सकेन । तथापि नेकपा (मार्क्सवादी) र नेकपा (माले) का बीच एकीकरण भएपछि बनेको नेकपा एमाले पार्टीमा मनमोहन अधिकारी अध्यक्ष बने । तुलसीलाल अमात्य सुरुमा मालेसँग एकीकरण हुन सहमत नभए पनि वि.सं. २०५० साल मङ्सिर महिनामा दुवै पार्टीबीच एकता भयो (नेपाल कम्युनिस्ट पार्टी (एमाले), २०५४ : ४१) । त्यो एकताले पार्टीलाई बलियो बनाएको थियो नै त्यो भन्दा पनि महत्त्वपूर्ण कुरा के थियो भने वि.सं. २००६ सालदेखि सहयात्री बनेर हिँडेका नेताद्वय जो तेस्रो महाधिवेशनपछि अलग भएका थिए । उनीहरू लामो समयको कालखण्डपछि एउटै पार्टीमा रहेर काम गर्न सफल भएका थिए । नेपालको कम्युनिस्ट आन्दोलनमा अग्रणी भूमिका खेलेका नेताद्वय एकै ठाउँमा आइपुग्दा काम गर्ने दौरानमा दुवैलाई सजिलो भएको थियो ।

**मदन भण्डारीसँगको सम्बन्ध**

मदन भण्डारीको जन्म वि.सं. २००९ साल असार १४ गते ताप्लेजुङ्मा भएको थियो । वि.सं. २०२४ सालदेखि मार्क्सवादप्रति आकर्षित बन्दै जाँदा वि.सं. २०२६ सालमा तत्कालीन पुष्पलाल समूहबाट कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए (नेपाल, पपुलर राष्ट्रिय (मासिक), २०५७ : १०) । लगभग त्यही समयतिर मनमोहन अधिकारी ९ वर्षको जेल जीवन व्यतित् गरी बाहिरिएका थिए । त्यसरी हेर्दा मदन भण्डारीले राजनीतिमा प्रवेश गरिरहँदा मनमोहन अधिकारीले राजनीतिका धेरै मोडहरू पार गरिसकेका थिए । उमेरको अन्तर हेर्दा यी दुई नेताहरू बाबु छोराजस्ता थिए तथापि मदन भण्डारीमा रहेको बैचारिक, सैद्धान्तिक र नेतृत्व क्षमताका कारण नेकपा मालेको वि.सं. २०४६ सालमा भएको चौथो महाधिवेशनबाट महासचिवमा चयन भएका थिए । त्यतिमात्र होइन तेस्रो महाधिवेशनपछि टुटेफुटेको श्रृङ्खललाई तोडेर पाँचौं महाधिवेशनसम्म आइपुग्दा आन्दोलनको एकतालाई पनि नयाँ उचाइमा पुऱ्याएका थिए ।

मदन भण्डारीले नेकपा मालेको नेतृत्व नलिदासम्म मनमोहन अधिकारीका बारेमा निकै आलोचना हुने गरेको थियो । पार्टीको नेतृत्व मदन भण्डारीको हातमा आएपछि मनमोहन अधिकारीले नेतृत्व गरेको पार्टी र उनलाई हेर्ने दृष्टिकोणमा केही लचकता देखिन थालेको थियो । त्यसैको परिणामस्वरूप वाममोर्चाको गठन हुन सकेको थियो भने वि.सं. २०४७ सालको फागुन महिनामा दुई पार्टीका बीच एकीकरण भएको थियो । पार्टी एकीकरणपछि मनमोहन अधिकारीलाई पार्टीको अध्यक्ष बनाइएको थियो भने कार्यकारी अधिकार महासचिव मदन भण्डारीमा रहेको थियो । हुन त पदीय हिसाबले अध्यक्ष पद उच्च स्थानको रहे तापनि त्यो केवल मानका खातिरमात्र राखिएको थियो । त्यति हुँदा पनि मनमोहन अधिकारीले मदन भण्डारीलाई नेता मान्न कुनै अप्ठ्यारो मानेका थिएनन् । संसदीय फाँटमा आउन विश्व समुदायमा परिचित नेताको खाँचो भइरहेको अवस्थामा मनमोहन अधिकारी उपयुक्त व्यक्ति बनेका थिए । मनमोहन

अधिकारीको पुरानो व्यक्तित्व र मदन भण्डारीको नेतृत्व क्षमताका कारण नै पार्टीले गति लिएको थियो ।

मनमोहन अधिकारी सुरुदेखि नै हतियार उठाएरमात्र आफ्नो लक्ष्यमा पुग्न नसक्ने कुरामा विश्वस्त रहँदै आएका थिए । मदन भण्डारीले नेतृत्व गरेपछि नेकपा माले पनि त्यही विचारमा आइपुगेको थियो । मनमोहन अधिकारीलाई आलोचना गर्ने नेकपा मालेका नेता, कार्यकर्ताहरूले प्रस्ट एवम् सोझै रूपमा नभने पनि मनमोहन अधिकारीले उठाएको कुरा गलत नभई आफूहरूले लिएको नीति गलत भएको निष्कर्षमा पुगेका थिए । जुन कुरालाई मदन भण्डारीले प्रस्तुत गरेको बहुदलीय जनवादलाई नै लिन सकिन्छ । जुन सिद्धान्तले वि.सं. २०२७ सालमा उठाइएको वर्ग खत्तम (शसस्त्र आन्दोलन) नीतिलाई छाडेर शान्तिपूर्ण रूपमा आफ्नो नीति लागू गराउने उद्देश्य राखेको थियो (नेपाल कम्युनिस्ट पार्टी (एमाले), २०५३ : ३७–३९) ।

मनमोहन अधिकारी र मदन भण्डारी दुवै नेपालको पूर्वी क्षेत्रका वासिन्दा भएको हुँदा उनीहरूका बीचमा कुनै न कुनै रूपमा भेट भएको अनुमान गर्न सकिन्छ । वि.सं. २०३९–४० सालतिर माधव कुमार नेपाल मदन भण्डारीलाई लिएर मनमोहन अधिकारीलाई भेट्न विराटनगर गएका थिए (नेपाल, बहुदलीय जनवाद, २०५६ : २६) । तर राजनीतिक रूपमा मदन भण्डारी भूमिगत अवस्थामा रहेको हुँदा पटक-पटक सहज रूपमा भेटघाट हुन सकेको थिएन । वि.सं. २०४६ सालको जनआन्दोलन सफल भएर प्रजातन्त्र आएपछि भने यी दुई नेताहरूका बीचमा सम्बन्ध बढ्दै गएको थियो । फरक-फरक पार्टीमा रहनु भएका र प्रत्यक्ष भेटघाट नभइरहेका कारण त्यति धेरै आत्मीय सम्बन्ध बन्न सकेको थिएन । तर पनि वामपन्थी भएको हुँदा कुनै दिन एक ठाउँमा पुगिएला भन्ने सोच दुवै नेतामा रहेको थियो । त्यही कुरा वि.सं. २०४६ सालको वाममोर्चा गठनमा सिद्ध भएको थियो भने वि.सं. २०४७ सालमा दुवैले नेतृत्व गरेका दुई फरक पार्टीका बीच एकीकरण भएदेखि दास ढुङ्गा दुर्घटनामा परी निधन नहुँदासम्म मदन भण्डारीले मनमोहन अधिकारीलाई आफ्ना नेताको रूपमा सम्मान दिएका थिए । मनमोहन अधिकारीले पनि मदन भण्डारीप्रति सङ्रक्षकत्वको व्यवहार देखाएका थिए ।

मदन भण्डारीले "बहुदलीय जनवाद" नामको सिद्धान्त विकास गरेका थिए । जुन सिद्धान्त नेकपा मालेले स्थापना कालमा लिएको नीतिभन्दा भिन्न थियो । नेकपाले चुनावमा भाग लिएर त्यसैका माध्यमबाट सरकारमा जाने भन्ने कुरा पत्याउनै नसक्ने खालको थियो । चुनावी राजनीतिमा आउन दरवार, छिमेकी मुलुक र विश्वसमुदायको विश्वास जित्न आवश्यक थियो । कम्युनिस्ट आन्दोलनमा लागेका नेताहरूमध्ये मनमोहन अधिकारीमात्र त्यस्ता व्यक्ति थिए जसलाई अगाडि लगाएर चुनावमा जाँदा विश्वसमुदायबाट हेर्ने दृष्टिकोणमा सकारात्मक प्रभाव पर्ने कुरा मदन भण्डारीले बुझेका थिए । त्यसैले आफूले अपनाउन थालेको नयाँ सिद्धान्त "बहुदलीय जनवाद" लाई लागू गराउन उपयुक्त व्यक्ति मनमोहन अधिकारी रहेको हुँदा विगतका कुरा बिर्सेर उनलाई पार्टीको उच्च तहमा पुऱ्याउन कुनै हिचकिचावट राखेका थिएनन् ।

वि.सं. २०४९ सालमा नेकपा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनको अध्यक्षता मनमोहन अधिकारीले गरेका थिए । नेकपा (मार्क्सवादी) र नेकपा (माले) का बीच पार्टी एकीकरण हुँदा सैद्धान्तिक विषयमा त्यति ठूलो बहस भएको थिएन । पार्टीले जे जस्तो नीति लिने हो त्यो छिट्टै नै पार्टीको अधिवेशन गरी त्यहाँबाट पारित भएका कुरा नै नीति बन्नेमा सहमति भएको थियो । अधिवेशनमा मदन भण्डारीले प्रस्तुत गरेको बहुदलीय जनवादको सिद्धान्तप्रति मनमोहन अधिकारीको कतिपय कुरामा असहमति रहँदारहँदै पनि मतदानका क्रममा भने त्यही सिद्धान्तका पक्षमा मतदान गरेका थिए (अधिकारी, २०६४ : २२२) । मदन भण्डारीको नेतृत्व क्षमता र पार्टीका सबै नेता तथा कार्यकर्ताप्रति देखाएको व्यवहारबाट मनमोहन अधिकारी प्रभावित भएका थिए । उनको त्यो क्षमता र प्रतिभा देखेर कुनै बेला "मैले बिल्ला नै लगाउनु पर्‍यो भने एकातिर पुष्पलालको र अर्कोतिर मदन भण्डारीको बिल्ला भिर्छु" भनेका थिए (जनआस्था साप्ताहिक, २०५३ बैशाख १२) । मनमोहन अधिकारीले मदन भण्डारीको राजनीतिक परिपक्वता र कार्य क्षमताको तारिफ गर्ने गरेका थिए । हुन त मदन भण्डारीसँग सम्पर्क हुनु अघि उनीप्रति मनमोहन अधिकारीको धारणा अलि फरक खालको थियो । मदन भण्डारीका अभिव्यक्तिहरू अत्यन्तै खरा हुने हुँदा सुरुमा अलि बढी उग्र भएजस्तो ठानेका थिए जब उनको सम्पर्कमा पुगेर सँगै काम गर्न थाले त्यसबेला सोचेको भन्दा फरक खालको व्यवहार र शैलीमात्र होइन अत्यन्तै शालीन, तर्कवान र चिन्तनशील व्यक्तिका रूपमा पाएका थिए । मदन भण्डारीका तिनै कुराबाट प्रभावित भएपछि सँगै काम गरेर उनलाई सहयोग गर्ने अठोट गरेका थिए ।

मदन भण्डारीले वि.सं. २०४८ सालको संसदीय निर्वाचनमा पार्टीले प्राप्त गरेको सफलताको श्रेय मनमोहन अधिकारीलाई दिएका थिए । त्यतिमात्र होइन आफै संसदीय दलको नेता बन्न सक्ने अवस्था हुँदाहुँदै पनि मनमोहन अधिकारीलाई दलको नेतामा प्रस्ताव गरेका थिए । उनको प्रस्तावमा मनमोहन अधिकारी संसदीय दलको नेतामा चयन भएका थिए । प्रतिपक्षमा रहँदा सरकारलाई हेर्ने सवालमा यी दुवै नेताको दृष्टिकोण एकै रहेको थियो । सरकारले गरेका राम्रा कामको दुवैले तारिफ गरे भने गलत कामको विरोध गर्न पनि उत्तिकै सक्रिय रहेर सँगसँगै सडकमा घण्टौं धर्ना बसेका थिए । सुरु-सुरुमा मनमोहन अधिकारी र मदन भण्डारीका बीच रहेको पुस्ताअन्तरका कारण अलि फरक कुरा पनि आउने गरेका थिए । कतिपय घटनामा मनमोहन अधिकारीले एकथरी कुरा गर्ने अर्कोतिर मदन भण्डारीले त्यसलाई सुधार्दै जानु पर्ने अवस्था पनि रहेको थियो (मिश्र, २०५८ : २२३) । तर त्यो खालको परिस्थिति लामो समय रहेन । पछिल्ला दिनहरूमा दुवै नेताको एउटै बोली हुन थाल्यो । ठाउँ-ठाउँमा मनमोहन अधिकारीले मदन भण्डारी मेरो नेता हो भनेर बोल्न थाले । उनले 'नेतृत्व भनेको बैचारिक हो, नीतिगत हो, मदनले नीतिगत र बैचारिक हिसाबले पार्टीलाई नयाँ गतिका साथ हाकिरहनु भएको छ । मदन भण्डारीको नेतृत्वमा पार्टी चलेको छ र चल्छ' भनेर आफू अध्यक्ष हुँदाहुँदै पनि प्रमुख नेता मदन भण्डारीलाई नै मान्नमा कुनै कन्जुस्याई गरेका थिएनन् (ओली, २०५८ : १७) । राष्ट्रिय राजनीतिमा मदन भण्डारीको शक्तिशाली व्यक्तित्वको प्रभाव निरन्तर बढिरहेको थियो । संसदमा उनीसँग प्रतिस्पर्धा गर्न सक्ने अर्को नेता नभएको मात्र होइन राष्ट्रिय

राजनीतिमै पार्टी र जनतामा पकड भएको अन्तर्राष्ट्रिय समुदायले सम्मान गर्न थालेको अर्को नेता थिएन (पाण्डे, २०७२ : ३९६) ।

वि.सं. २०४६ सालको संयुक्त जनआन्दोलन सफल भएपछि गणेशमान सिंहलाई सर्वोच्च नेताको उपमा दिइएको थियो । तर आमनिर्वाचन वि.सं. २०४८ पछि सर्वोच्च नेताका रूपमा रहेका गणेशमान सिंह आफ्नै पार्टी नेकाभित्र अपमानित हुँदै जाँदा पार्टी नै परित्याग गर्नु पऱ्यो भने त्यसको ठीक उल्टो जनआन्दोलन सफल हुनु अगाडि सधैं आलोचना गरिरहने नेता मनमोहन अधिकारीलाई सम्मानका साथ युवापङ्क्तिले हाकेको पार्टीको अध्यक्ष बनाएको थियो जुन कामको श्रेय मदन भण्डारीलाई दिइएको थियो । पार्टीका यी दुई नेताबीच राम्रो सम्बन्ध रहेको थियो । तर बिडम्बना त्यो सम्बन्ध लामो समय रहन पाएन । वि.सं. २०५० साल जेठ ३ गते दासढुङ्गा दुर्घटनामा परी मदन भण्डारीको निधन भयो । उक्त असामयिक निधनबाट असाध्यै विछिप्त बन्दै मनमोहन अधिकारीले बारम्बार उनको शवलाई हेर्दै बलिन्द्र आँशु झारेका थिए । त्यतिबेला उनले 'पार्टीका निम्ति म मर्नु पर्ने थियो र मदन बाच्नु पर्ने थियो' भन्दै आफूलाई भन्दा अघि मदन भण्डारीलाई लगेर भगवान्ले पनि अन्याय गरेको प्रतिक्रिया दिएका थिए (पुनर्जागरण साप्ताहिक, २०५३, चैत्र ५) । त्यसपछि पनि पटक-पटक मदन भण्डारीको अभाव खड्किएकोमा क्षमतावान तार्किक नेता गुमाएपछि कम्युनिस्ट पार्टी ठूलो बने पनि उपयुक्त भूमिका निर्भाह गर्न सकेन भनी मूल्याङ्कन गरेका थिए (पोखरेल, मिति अनुल्लिखित : २७२) । मनमोहन अधिकारी स्वयम् पार्टीका अभिभावक थिए, तर मदन भण्डारीको निधनपछि आफ्नो अभिभावक गुमेको महसुस गरेका थिए ।

**निष्कर्ष**

राजनीतिलाई नै आफ्नो जीवनको रोजाई बनाउने व्यक्तिहरू कुनै न कुनै पार्टीमा आबद्ध हुन्छन् । पार्टी भन्नेबित्तिकै त्यहाँ धेरै नेता थुप्रै कार्यकर्ता रहेका हुन्छन् । पुष्पलालले नेकपाको स्थापना गर्दाका वखत मनमोहन अधिकारी जेलमा भए पनि जेलबाट छुटेपछि निरन्तर नेकपामा रहेर काम गरे । कुनै पनि पार्टीलाई अगाडि बढाउने कुरामा एक तहका नेताको बढी जिम्मेवारी हुन्छ । त्यही भूमिकामा नेता द्वय मनमोहन अधिकारी र पुष्पलाल रहेका थिए । तर पार्टी स्थापना भएको छोटो समयपछि वैचारिक भन्दा पनि व्यक्तित्वको टकरावका कारण सम्बन्धमा दरार आउन थाल्यो । जसले नेपालको कम्युनिस्ट आन्दोलनलाई ठूलो क्षति पुऱ्यायो । त्यो क्षतिलाई रोक्ने जिम्मेवारी समयले तुलसीलाल अमात्यको काँधमा हालिदियो । मनमोहन अधिकारी जेलमा रहेर पनि पार्टीलाई अगाडि बढाउन दिएका सुझावलाई गहन रूपमा लिन नसक्दा स्वयम् पार्टी हाक्न असफल हुने अवस्था सृजना भयो । त्यसपछि नै कम्युनिस्ट नामका थुप्रै पार्टीहरू गठन भए । त्यस्तै मध्येको नेकपा मालेमा रहेका मदन भण्डारीले समय र नेतालाई चिन्न सके । मनमोहन अधिकारी जस्तो ऐतिहासिक व्यक्तित्वबाट मात्र कम्युनिस्ट राजनीति अगाडि बढाउन सकिने कुरामा विश्वस्त भएपछि क्रमशः निकटताको सम्बन्ध बनाउँदै पार्टी नै एकीकरण भयो । दुवै नेताको निकट सम्बन्धले पार्टीलाई नयाँ उचाइमा पुऱ्याउँदै गर्दा दासढुङ्गा

दुर्घटनामा मदन भण्डारीको निधनपछि त्यो सम्बन्धको अन्त्य भयो जुन मुलुककै लागि दूर्भाग्यपूर्ण हुन गयो ।

**सन्दर्भ कृतिसूची**


अधिकारी, भरतमोहन (वि.सं. २०६४). *मेरो जीवन यात्रा केही सम्झनाहरू.* काठमाडौं : माधवप्रसाद धिताल ।

--- (वि.सं. २०५४). "मूल्यको राजनीतिका महारथीको अवसान." *अविश्रान्त राजनायक तुलसीलाल अमात्य.* कुन्दन अर्याल, सूर्य थापा र अरू (सम्पा.), (काठमाडौं : अविरल प्रकाशन प्रा.लि., पृ. ४३-४६ ।

--- (वि.सं. २०५७ बैशाख २८). "नेकपाको पहिलो सम्मेलन". *बुधवार साप्ताहिक.* वर्ष ५, अङ्क २५, पृ. २ ।

--- (वि.सं. २०५७, असार १४). "पुष्पलाल र मेरा सम्वन्ध". *बुधवार साप्ताहिक.* वर्ष ५, अङ्क ३२, पृ. २ ।

--- (वि.सं. २०५७ पुस १२). "भारतको जेलमै पार्टी सदस्यता पाए". *बुधवार साप्ताहिक.* वर्ष ६, अङ्क ६, पृ. २ ।

--- (वि.सं. २०५७ फागुन १०). "पुष्पलाल र तुलसीलाललाई भारतमै रोकिन भने." *बुधवार साप्ताहिक.* वर्ष ६, अङ्क १४, पृ. २ ।

अधिकारी, प्रकाश (वि.सं. २०६६). "गाबहालदेखि बालुवाटारसम्म." *नवयुग (मासिक).* वर्ष २०, अङ्क १, काठमाडौं : केन्द्रीय प्रचार विभाग नेपाल कम्युनिष्ट पार्टी (एमाले), पृ. ६९-७० ।

अर्याल, कुन्दन, थापा, सूर्य र अरू (सम्पा.) (वि.सं. २०५४). *अविश्रान्त राजनायक तुलसीलाल अमात्य.* काठमाडौं : अविर प्रकाशन (प्रा.) लि., पृ. १६-१७ ।

के.सी., सुरेन्द्र (वि.सं. २०६०). *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास* (भाग २). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

--- (वि.सं. २०६५). *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास.* (पहिलो भाग), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

--- (वि.सं. २०६५). *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास,* (तेस्रो भाग), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

--- (वि.सं. २०६५). "नेकपाको महासचिवका रुपमा मनमोहन अधिकारी." *अविरल पाइलाहरू.* वर्ष २, अङ्क ३, आश्विन, पृ. ९६-१०२ ।

घिमिरे, कृष्ण (सन् १९८०). *जनमत सङ्ग्रह र समसामयिक वामपन्थी राजनीति.* स्नातकोत्तर तहको परिपूर्तिका लागि राजनीतिशास्त्र शिक्षण समितिमा बुझाइएको अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

*जनआस्था साप्ताहिक.* वर्ष २, अङ्क ८, वि.सं. २०५३, बैशाख १२ ।

*दृष्टि साप्ताहिक.* वर्ष १६, अङ्क २७, वि.सं. २०५६, बैशाख २८ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) (वि.सं. २०५३) को पाँचौं राष्ट्रिय महाधिवेशन (२०४९ माघ १४–२०) मा पारित राजनीतिक प्रतिवेदन. बल्खु : नेकपा एमाले, पृ. ३७–३९ ।

--- (वि.सं. २०५४) को छैटौं राष्ट्रिय महाधिवेशन (माघ १२–१८ वि.सं. २०५४) द्वारा पारित राजनीतिक प्रतिवेदन. काठमाडौं : नेकपा एमाले, पृ. ४१ ।

नेपाल, प्रदिप (वि.सं. २०५७). "सबैले सम्झीनु पर्ने क. मदन भण्डारी." *पपुलर राष्ट्रिय (मासिक).* वर्ष २, अङ्क २, पृ. ९-११ ।

नेपाल, माधव कुमार (वि.सं. २०५६). "प्रजातान्त्रिक जीवन शैलीका धनी कमरेड मनमोहन अधिकारी." *बहुदलीय जनवाद.* अङ्क २, वर्ष २, पृ. २५-२७ ।

प्रश्रित, मोदनाथ, (वि.सं. २०४९)। "क. पुष्पाललाको निश्पक्ष मुल्याङ्कनको खाँचो." *नवयुग.* पूर्णाङ्क ७, वर्ष २, अङ्क ६, पृ. २०-२२ ।

पन्त, नीलप्रसाद (वि.सं. २०६८). राष्ट्रिय जनमत सङ्ग्रह वि.सं. २०३७ र नेपालको प्रजातान्त्रिक आन्दोलन. त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत इतिहास विषयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत शोधप्रवन्ध, पृ. २०४ ।

पाण्डे, रमेशनाथ (वि.सं. २०७२). *कुटनीति र राजनीति (आत्मकथा).* काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

*पुनर्जागरण साप्ताहिक.* वर्ष १५, अङ्क १४, वि.सं. २०५३, चैत्र ५ ।

पुष्पलाल (वि.स. (ई. १९४९). *कम्युनिस्ट घोषणापत्र कार्ल मार्क्स फ्रेडरिक उंगेल्स.* पुष्पलाल (अनु.). प्रथम नेपाली संस्करण, कलकत्ता, पृ. ३ ।

--- (२०५३). *नेपाल कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास.* स्थान अनुल्लिखित : पुष्पलाल स्मृति प्रतिष्ठान ।

पोखरेल, राजकुमार (मिति अनुल्लिखित). *अ जर्नी अफ द कम्युनिस्ट अफ नेपाल.* (झापा : मासलाइन पब्लिकेशन प्रा.लि. प्रकाशन ।

मिश्र, बालचन्द्र (वि.सं. २०५८). *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म.* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

राजवंशी, लक्ष्मण (वि.सं. २०५४). *"मैले चिनेको गिरिदाई". अविश्रान्त राजनायक तुलसीलाल अमात्य.* कुन्दन अर्याल, सूर्य थापा र अरू (सम्पा.). काठमाडौं : अविर प्रकाशन (प्रा.) लि., पृ. ९५-१०० ।

रिजाल, विष्णु (सम्पा.) (वि.सं. २०७१). *फर्केर हेर्दा.* (पुराना कम्युनिस्टहरूको संस्मरण), काठमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान ।

रिजाल, अरविन्द, (वि.सं. २०६२). *१९९७ सालदेखि २०१७ साल.* काठमाडौं : टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान ।

शर्मा ओली, के.पी. (वि.सं. २०५८). "नयाँ पिढीका पक्षधर". *एक्काइसौं शताब्दी (मासिक).* वर्ष ५, अङ्क ४–५, बैशाख–जेठ, (संयुक्ताङ्क), पृ. १७ ।

सूर्य *(मासिक)* (वि.सं. २०५५ चैत्र). वर्ष ७, पूर्णाङ्क १९, पृ. १३-१७ ।

श्रेष्ठ, हिरण्यलाल (वि.सं. २०५२). "क. पुष्पलाल के के विषयमा प्रथम ?," बलराम उपाध्याय र अन्य (सम्पा.). *पुष्पलाल स्मृति अङ्क.* (स्थान अनुल्लिखित) पुष्पलाल स्मृति प्रतिष्ठान, पृ. ६५-६७ ।

श्रेष्ठ, शुशिला (वि.सं. २०६०). *सहाना प्रधान स्मृतीका आँखिझ्यालबाट,.* काठमाडौं : स्वप्नबाटिका ।

ज्ञवाली, गोविन्द (वि.सं. २०६८). *समकालिन इतिहासमा पुष्पलाल.* काठमाडौं : रत्न पुस्तक भण्डार ।